# बुढीगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हात्तिमुडा, मोरङ्ग

१ नं. प्रदेश, नेपाल

## प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०४/१८

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रमको प.स. ०७७/०७८ च.नं. २३, मिति २०७७/०४/१२ को पत्रानुसार यस बुढीगंगा गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १-०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १(एक) |

**१. न्युनतम योग्यता :**

क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतिर्ण गरेको ।

ख. अनुभव र सीप :

- कम्तिमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सिप भएको
- पूर्वाधार निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्वन्ध सम्वन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

ग. दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।

घ. भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने ।

ङ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

**२ सम्लग्न गर्नुपर्ने कागजातहरूः**

क. नेपाली नागरिकतको प्रमाणित प्रतिलिपी

ख. एस.एल.सी. देखि प्रमाणपत्र तहसम्म वा सो भन्दा माथिल्लो तह उतिर्ण गरेको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी,

ग. कार्यअनुभब तथा सीप भए सोको प्रमाणित प्रतिलिपी ।

**३. आवेदन दिने तरिकाः** अनलाइन फाराम https://cutt.ly/ys4P1kk लिंकमा गएर भर्न सकिनेछ । फाराम भर्दा बुदाँ नं.२ मा उल्लेख भएका कागजातका अतिरिक्त राजश्व तिरेको रसिद वा बैंक भौचर समेत संलग्न गर्नु पर्नेछ ।

**४. आवेदन शुल्क :** रु ५००/- बुढीगंगा गाउँपालिकाको नाममा **NIC ASIA** पुष्पलाल चौकमा रहेको ०६९२०५००२८९३७००२ नं.को खातामा वा गाउँपालिकाको राजश्व शाखामा बुझाउनु पर्नेछ ।

**५. आवेदन दिने अन्तिम मिति :** २०७७/०४/३२ आइतवार कार्यालय समय भित्र

**६. छनौटका आधारः** प्रारम्भिक योग्यताको सुची प्रकाशन र लिखित (सेवा सम्वन्धी र कम्प्यूटर सम्वन्धी)

**७. तलब स्केल :** नियमानुसार

**८. करार अवधि :** १ बर्ष

**७. छनौट प्रकृया सम्बन्धी थप जानकारीका लागि pmep.gov.np मा गई हेर्न सकिनेछ ।**

**अन्य जानकारीका लागि ९८५१०४३८५५ मा सम्पर्क गर्न सकिने छ ।**

**पुनश्चः संक्षिप्त सूचिमा परेका उम्मेद्धवारहरुलाई मात्र लिखित परीक्षामा सहभागी गराइनेछ ।**

**प्रमुख प्रशासकीय अधिकृत**